
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ३ गते मंगलबार ❑ 19 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पार्टी विधानको पालना नगरे दण्ड हुने व्यवस्था गरिनुपर्छ : महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
दमौली, २ पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विधानको पालना नगरे दण्ड हुने व्यवस्था गरिनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँ क्षेत्र नं १ क्षेत्रीय समितिले सोमबार दमौलीमा आयोजित प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पार्टी विधानबमोजिम चल्नुपर्छ भन्नुभयो।

महामन्त्री थापाले भन्नुभयो, "विधानको पालना नगरे दण्डको व्यवस्था गर्नुपर्छ । दण्डको व्यवस्था भएमात्रै पार्टी विधानबमोजिम चल्न सक्छ । त्यसमा हामीले छलफल चलाइराखेका छौँ ।" महामन्त्री थापाले पार्टीमा गुटको अन्त्य गरिनुपर्ने जनाउँदै अहिलेको पद्धतिका कारण गुट बनाउनैपर्ने बाध्यता रहेको समेत बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पार्टीभित्र जुन पद्धति छ त्यसका आधारमा गुट बनाउनैपर्ने बाध्यता सबैलाई भयो। हामी सबैले गुटको अन्त्य हुनुपर्छ भने पनि भित्रभित्र गुटमै रमाइराखेका छौँ ।" संसद्मा निर्वाचन कानुनका विषयमा छलफल अगाडि बढाउन लागिएको जनाउँदै महामन्त्री थापाले एक सय ६५ निर्वाचन क्षेत्रमा उम्मेदवार नउठाउने पार्टी राष्ट्रिय पार्टी नबन्ने उल्लेख गर्न सकिने चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "यसो भएमात्रै एक पार्टीले अर्को पार्टीसँग गठबन्धन गर्न पाउँदैन । त्यस्तो हुँदा कांग्रेस एमालेसँग डराउनु पर्दैन, एमाले कांग्रेस वा अरू पार्टीसँग डराउनु पर्दैन ।" महामन्त्री थापाले पार्टीभित्रको निर्वाचन पद्धतिसमेत परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले जसरी टिकट बाँडिएको छ त्यो ठीक छ वा उम्मेदवार छान्दा जुन तहको सदस्य हो त्यहाँका सदस्यले छान्ने परिपाटीका विषयमा छलफल अगाडि बढाएका छौँ।"



## आवश्यकताअनुसार शिक्षा नीति परिमार्जन हुनुपर्छ : मन्त्री आले

**पोखरापत्र संवाददाता**
दमौली, २ पुस

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जितप्रकाश आलेले आवश्यकता अनुसार शिक्षा नीति परिमार्जन हुनुपर्ने बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-९ गजौडेस्थित माहेन्द्री माध्यमिक विद्यालयको ५० औँ वार्षिकोत्सव तथा स्वर्णमहोत्सवका अवसरमा आज आयोजित कार्यक्रममा उहाँले समयसापेक्षरुपमा शिक्षा नीति परिवर्तन हुनुपर्ने बताउनुभयो।

पुरानै ढाँचामा चलेका सामुदायिक विद्यालयले विद्यार्थी आकर्षित गर्न नसकेको बताउदै मन्त्री आलेले भन्नुभयो, "आवश्यकता अनुसार शिक्षा नीति परिमार्जन हुनुपर्छ । देशभरका समुदायिक विद्यालयको अवस्था कमजोर बन्दै गइरहेकाले समयको माग अनुसार नै शैक्षिक तथा भौतिक पूर्वाधार बनाउनुपर्छ ।" उहाँले प्रदेश सरकारले स्रोत, साधनको अधिकतम परिचालन गरी जनताका आवश्यकता पूर्तिका लागि योजना ल्याएको बताउनुभयो।

"विगतका बजेटमा भएका फजुल खर्च कटौती गरी अहिलेको बजेट प्रतिफल र उत्पादकत्व वृद्धि गराउने क्षेत्रमा बढी परिचालन गरेका छौँ", मन्त्री आलेले भन्नुभयो, "आगामी बजेटमा यसलाई अझै व्यवस्थित बनाउँदै लैजाने तयारी गरिरहेका छौँ ।" उहाँले 'योजना बैङ्क' बनाएर सङ्घ, प्रदेश र स्थानीय तहले सम्पन्न गर्ने योजना नदोहोरिने गरी काम अगाडि बढाइने जानकारी दिनुभयो । गण्डकी प्रदेशसभाका पूर्व सदस्य सरिता गुरुङले माहेन्द्रीमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र सकारात्मक शैक्षिक वातावरण बनाउन सबैको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो।

संविधानसभा सदस्य रामचन्द्र पोखेलले माहेन्द्री यस क्षेत्रको अग्रणी शैक्षिक संस्था भएकाले यसको भौतिक संरचनासँगै शैक्षिक गुणस्तरका लागि सबैको एकता आवश्यक रहेको बताउनुभयो।व्यासनगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले भौतिक सुधारमा उल्लेखनीय काम भएको बताउनुभयो । अबका दिनमा शैक्षिक गुणस्तर हासिल गर्न सक्नु विद्यालयको प्रमुख चुनौतीका रुपमा देखिएको उहाँको भनाइ थियो । 'स्वर्ण जयन्ती वर्ष'का रुपमा मनाउँदै एक वर्षसम्म विभिन्न कार्यक्रम आयोजना गरिने जनाइएको छ। आज प्रारम्भ भएको स्वर्ण जयन्तीको कार्यक्रम विसं २०८१ पुस १ गते विशेष समारोहको आयोजना गरी सम्पन्न गरिने विद्यालयले जनाएको छ । सोमबारको कार्यक्रममा विद्यालयको स्वर्ण जयन्ती स्तम्भ शिलान्यास गरिएको छ । पूर्व विद्यार्थी समाजको सक्रियतामा निर्माण हुने उक्त स्तम्भको मन्त्री आलेले शिलान्यास गर्नुभयो।

विद्यालयमा विभिन्न समयमा अध्ययन गरेका विद्यार्थीहरुबाट आर्थिक सङ्कलन गरी स्वर्ण जयन्ती स्तम्भ निर्माण गर्न लागिएको पूर्व विद्यार्थी समाज माहेन्द्री माविका अध्यक्ष उद्धवराज कट्टेलले जानकारी दिनुभयो । उहाँका अनुसार समाजले विद्यालयको मूल प्रवेशद्वार निर्माणका लागि पनि सहयोग गर्नेछ । विद्यालयको प्रवेशद्वार साँघुरो र जीर्ण भएकाले यसको पुनःनिर्माणका लागि पूर्व विद्यार्थी समाजले सहयोग गर्ने कट्टेलले बताउनुभयो। विद्यालयको इतिहास झल्किने गरी प्रकाशन गर्न लागिएको स्वर्ण महोत्सव स्मारिकाको सम्पूर्ण प्रकाशन खर्च पनि समाजले बेहोर्ने उहाँले जानकारी दिनुभयो।

प्रवेशद्वार निर्माण र स्मारिका प्रकाशनका लागि करिब रू १२ लाख लाग्ने अनुमान गरिएको अर्थ सङ्कलन समितिका संयोजक भक्तबहादुर गोदारले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म रू आठ लाख ८५ हजार सात सय ८५ सङ्कलन भइसकेको छ।

## वनमा आधारित उद्यम सञ्चालनमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

वनमा आधारित उद्यम सञ्चालन गरेर समृद्धिको अभियानमा जोडिनुपर्नेमा यहाँ आयोजित सरोकारवालाहरूले जोड दिएका छन्।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, ग्रिन फाउण्डेशन र टि.एफ परियोजनाद्धारा संयुक्तरुपमा पोखरामा आयोजित सामुदायिक वनमा स्थानीय समुदायको अधिकार सुनिश्चितता सम्वन्धी छलफललमा सहभागी वक्ताहरुले वनलाई समृद्धिको आधार बनाइनुपर्नेमा जोड दिएका हुन् । बागमती प्रदेश सभासदस्य एवम् सामुदायिक वन उपभोक्ता महासंघ नेपालका पूर्वकेन्द्रीय अध्यक्ष भारती पाठकले वन संरक्षण, प्रवर्द्धन र विकासमा अहम भूमिका निर्वाह गर्दै आएका उपभोक्ताको हक र अधिकार सुनिश्चित गरी समृद्धिको अभियानमा जुटनुपर्ने आवश्यकता औल्याउनुभयो । वनमा काठ र जडिवुटी कुहिएर खेर जाने तर विदेशबाट बार्षिक खरबौको काठ आयात गर्ने परिपाटी अन्त्य हुनुपर्नेमा जोड दिँदै उहाँले सर्वसुलभ वन पैदावार उपयोग नीतिको खाँचो औल्याउनुभयो । प्राकृतिक स्रोतमा स्थानीय वासिन्दा, आदिवासी जनजाति, विपन्न र सिमाङ्कृत वर्गको पहुच पुऱ्याउँदै जिविकोपार्जनको आधार बनाइनुपर्नेमा सवैको ध्यान पुग्नुपर्नेमा प्रदेशसभा सदस्य पाठको जोड थियो।

गण्डकी प्रदेश उद्योग, वन तथा वातावरण मन्त्रालय महाशाखा प्रमुख धनेन्द्र खनाल क्षेत्रीले प्रदेश वन ऐन आईसकेकाले प्राकृतिक स्रोतको भरपुर उपयोग गर्ने खालको विनियम निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा स्वामित्वसहितको अधिकार (टि.एफ) परियोजनाका क्षेत्रीय सांयोजक क्याथ ट्रेनरले परियोजनाले स्थानीय वन ऐन निर्माणमा गहयोग गर्दै आएको र अब उक्त ऐनको प्रभावकारी कार्यान्वयमा जोड दिनुभयो । परियोजनाले वन प्राविधिक नियुक्त गेरर मुलुकका १२७ पालिकामा स्थानीय वन ऐन निर्माणमा सहयोग गरेको छ । आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र (सिप्रेड)का अध्यक्ष डा. पासाङ शेर्पाले नीति निर्माण तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता हुनु पर्नेमा जोड दिदै प्राकृतिक श्रोत उपयोगमा प्रविधियुक्त जनशक्तिको खाँचो औल्याउनुभयो। ग्रीन फाउण्डेशनका अध्यक्ष धनश्याम पाण्डेले वन पैदावारमा आधारित उद्यम स्थापना र सञ्चालन गर्नुको विकल्प नभएको अवस्थामा यस संस्थाले पनि स्थानीय उपभोक्ताको आयआर्जन गर्ने खालका उद्यम सञ्चालनमा सहयोग गर्दै आएको जानकारी दिनुभयो।

कार्यक्रममा डिभिजन वन कार्यालयका प्रमुख पूर्णेश्वर सुवेदी, टीएफ परियोजनाका गङ्गाराम दाहाल, सिप्रेडका कार्यक्रम संयोजक मुकेश गुप्ता, सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य हरि बास्तोलालागयतले प्राकृतिक स्रोतको उपयोगमा जोड दिनुभएको थियो।

पोखरा उद्योग वाणिज्य संघ
पोखरा-४, गैह्रापाटन
हार्दिक आभार

पोखरा उद्योग वाणिज्य संघ तथा नेपाल उद्योग वाणिज्य महासंघ/महासंघ गण्डकी प्रदेशको संयुक्त आयोजना एवं गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा २०८० मंसिर २१ देखि पौष १ गतेसम्म पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार, पोखरामा आयोजित ३२ औं संस्करणको समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला-२०८० पोखरा सफलताका साथ सम्पन्न भएकोमा हामी गौरवान्वित भएका छौं ।

यो सफलतालाई हामीले सामुहिक प्रयासको प्रतिफलको रुपमा ग्रहण गरेका छौं । यसको श्रेय सम्पूर्ण पोखरेली र पोखरासँग सम्वद्ध सम्पूर्ण महानुभावहरुलाई नै दिन चाहन्छौं ।

यस सुखद क्षणमा, हामी मेलालाई सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण योगदान गर्नुहुने, मुख्य प्रायोजक,प्रायोजक, मेलामा स्टल लिई सहभागी हुनुभएका सम्पूर्ण प्रदर्शक, अवलोकनकर्ता, समाजसेवी, बुद्धिजीवी, पत्रकार, विद्यार्थी, नागरिक समाज एवं संघका सदस्य महानुभावहरु, सम्पूर्ण राजनीतिक दल तथा भातृ संगठन, प्रशासनिक तथा सुरक्षा निकाय, बस्तुगत संघ एवं अन्य विभिन्न संघ संस्था, प्रतिष्ठान, शैक्षिक संस्था, प्रभातफेरीमा सहभागी आमा समूहहरु,कलाकारलगायत प्रत्यक्ष अप्रत्यक्षरुपले सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शुभेच्छुक तथा सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै निरन्तर सहयोग र सुझावको अपेक्षा राख्दछौं । धन्यवाद ।

पवनकुमार प्रजापति
अध्यक्ष
पोखरा उद्योग वाणिज्य संघ

विजेता कुपन नम्बरहरू
प्रेसर कुकर : २५९१७
बेटरको ग्रान्डर : ०५५६४
पपकर्न बनाउने मेसिन: ०१७३६
बम्पर उपहार सुजुकी स्कुटर : ५२८२५

नोट : पुरस्कार विजेताले टिकटको अर्थकट्टीसहित यो सूचना प्रकाशित भएको १५ दिनभित्र आफ्नो परियच खुल्ने कार्डसहित पोखरा उद्योग वाणिज्य संघको सचिवालय गैह्रापाटनमा सम्पर्क राख्नुहोला ।

## लेखनाथ महोत्सवको पूर्वसन्ध्यामा कविता वाचन

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि भन्ने मुल नाराका साथ यहि पुस ५ गतेदेखी १६ गतेसम्म लेखनाथमा आयोजना हुने १९ औं संस्करणको लेखनाथ महोत्सवको पुर्वसन्ध्यामा कविता वाचन गरिएको छ।

सोमबार संघको सभाहलमा आयोजित कार्यक्रममा विभिन्न कवि तथा साहित्यकारहरुद्धारा कवि लेखनाथ पौड्यालका कविताहरुको सान्दर्भिकता र महत्व विषयमा आफ्ना विचारहरु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुप्तेश्वर क्याम्पस छोरीबुहारीको अध्ययनको थलो

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

पर्यटकीय नगरी पोखराको महत्वपूर्ण धार्मिक एवं पर्यटकीय क्षेत्र छोरेपाटनमा सञ्चालित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस स्थापनाकालदेखि नै छोरी बुहारीको अध्ययनको थलो बन्दै आएको छ । पोखरा महानगरपालिका-१७ छोरेपाटनस्थित गुप्तेश्वर महादेव गुफाको आम्दानीबाट क्याम्पस स्थापना गरी सञ्चालनमा आएसँगै यस क्षेत्रका छोरी बुहारीलाई शिक्षा आर्जनमा सहज भएको हो।

गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिले २०६५ सालदेखि स्थापना गरी यज्ञशाला भवनको दोस्रो तल्लाबाट सुरु भई अहिले आफ्नै आधुनिक सुविधा सम्पन्न भवनमा सञ्चालन हुँदै आएको उक्त क्याम्पसमा हाल कूल नौ सय २९ विद्यार्थी अध्ययनरत छन्। यसमध्ये ६९८ (७३ प्रतिशत) छोरीबुहारी अध्ययनरत रहेको क्याम्पस प्रमुख धर्मराज बराललले जानकारी दिनुभयो । उहाँका अनुसार व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायतर्फ विविएस, बीएड, विएचएम, विआइएम र एमविएस विषयमा स्नातक तहका कक्षा सञ्चालन भइरहेका छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसमा कास्की, स्याङ्जा, पर्वत, तनहुँ, लमजुङ, दाङलगायत जिल्लाका विद्यार्थी अध्ययनरत छन् । गुणस्तरी शिक्षामा जोड दिएका कारण क्याम्पसमा विद्यार्थीको आकर्षण बढेको उहाँको दाबी छ । क्याम्पसले विभिन्न सङ्कायबाट सर्वोत्कृट अङ्क ल्याउने जेहेन्दार एवं विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्रीराम सुवेदीका अनुसार क्याम्पसलाई व्यवस्थितरुपमा सञ्चालन गर्नका लागि पर्यटकीयस्थल डेभिजफलको उत्तरी भेगमा गुफाले रु तीन करोडभन्दा बढी लगानीमा खरिद गरेको पाँच रोपनी छ आना र पछि थप गरिएको १३ आना गरी छ रोपनी तीन आना जग्गामा भवन निर्माण गरिएको छ । उहाँले भन्नुभयो, " विश्वविद्यालय अनुदान आयोग र गुप्तेश्वर गुफा व्यवस्थापन समितिको आर्थिक सहयोगमा तेस्रो तल्ला थप्ने काम भइरहेको छ ।" भारतीय दूतावासको रु चार करोड १० लाखको सहयोगमा भवन निर्माण गरिएको छ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी ३३ विद्यार्थीबाट सुरु गरिएको क्याम्पस सञ्चालनमा गुफाको रु २५ करोडभन्दा बढी लगानी भइसकेको गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोलाले जानकारी दिनुभयो । आव २०७९/८० मा कूल रु चार करोड ६७ लाख आम्दानी गरेको क्याम्पसको रु चार करोड ८४ लाख खर्च भएको उहाँले बताउनुभयो ।

**छात्रवृत्ति कोषमा एक करोड**

शैक्षिक क्षेत्रको विकासमा योगदान पुऱ्याउने उद्देश्यका साथ क्याम्पसको विभिन्न सङ्काय र तहमा नियमितरुपमा अध्ययनरत जेहेन्दार, दलित, जनजाति तथा आर्थिकरुपमा पिछडिएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने लक्ष्यका साथ सङ्घसंस्था एवं शिक्षाप्रेमीका तर्फबाट रु एक करोड छ लाख बराबरको सातवटा अक्षयकोष स्थापना गरिएका छन्। गुप्तेश्वर महादेव गुफा अक्षय कोष रु एक करोड, खगराज कला साहित्य उत्थान अक्षयकोष रु एक लाख एक हजार, लिलाकुमारी स्मृति अक्षयकोष एक लाख, प्रा डा भूपति ढकाल(कमल) पुर्खाको स्मरण रु दुई लाख २२ हजार दुई सय २२, इन्द्रेणी बचत तथा ऋण सहकारी संस्था अक्षयकोष रु ५० हजार, लक्ष्मी पौडेल जेहेन्दार तथा गरिब छात्रवृत्ति अक्षयकोष रु ५२ हजार र धर्मकला पौडेल स्मृति अक्षयकोष रु ५१ हजार एक सय ५१ रहेका छन्।

अक्षयकोषको व्याजबाट चालू आवमा एक सय ३३ विद्यार्थीले रु १२ लाख छात्रवृत्ति वितरण गर्ने कार्यक्रम छ। विश्वविद्यालय अनुदान आयोगबाट १८ विद्यार्थीले विभिन्न विधामा छात्रवृत्ति प्राप्त गर्न सफल भएका छन् । क्याम्पसमा पूर्णकालीन र आंशिक गरी कूल ३४ शिक्षक र ११ कर्मचारी कार्यरत छन्।

# स्याङ्‌जामा सुन्तला उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ पुस

स्वादिलो र मिठो सुन्तलाले परिचित स्याङ्जामा गत वर्ष तुलनामा यस वर्ष सुन्तला उत्पादनमा कमी आएको छ। गत वर्ष २२ हजार मेट्रिकटन सुन्तला उत्पादन भएको जिल्लामा यस वर्ष भने उत्पादन घटेर १९ हजार ८७ मेट्रिकटन सुन्तला उत्पादन भएको हो।



गत वर्ष १ अर्ब ३८ करोडको सुन्तला उत्पादन भएको जिल्लामा चालु वर्षमा १ अर्ब १४ करोड ५२ लाख २० हजार रुपैयाँको सुन्तला उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण सुन्तला सुपरजोनले ४० बगैँचामा क्रप कटिङ गरेपछि सुन्तला उत्पादनको औसत सार्वजनिक गरिएको हो। यो वर्ष उत्पादन घटे पनि बिक्री मूल्य भने औसतमा कृषकले राम्रो पाउने प्रारम्भिक अनुमान गरिएको छ। गत वर्ष प्रतिकिलो ५५ रुपैयाँमा सुन्तला बिक्री भएको थियो भने यो वर्ष औसतमा ६० रुपैयाँ प्रतिकिलो बिक्री भइरहेको छ। स्थानीय सुन्तला रसिलो र दाना चिल्लो हुने भएकाले स्याङ्जाको सुन्तला उपभोक्ताको रोजाइमा पर्ने गरेको छ। यस वर्ष ३० प्रतिशत सुन्तला बिक्री भएको छ भने बाँकी ७० प्रतिशत सुन्तला बोटमै छन्।

चालु वर्ष सुन्तला फूल्ने मुख्य समयमा खडेरी र असिना परेपछि उत्पादनमा कम आउँदा पतेरा र औँसा किराका कारण दाना झरेपछि सुन्तला उत्पादनमा कमी आएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण सुन्तला सुपरजोनका वरिष्ठ कृषि विकास अधिकृत माधवप्रसाद लम्सालले एक वर्ष बाक्लो तथा अर्को वर्ष पातलो सुन्तला फल्ने गरेको र यसवर्ष पातलो नै फलेको बताए।

जिल्लामा सुन्तला उत्पादन क्षेत्र २२ सय हेक्टर रहेको छ। उत्पादनशील बगैँचाको क्षेत्रफल १ हजार ३ सय २० हेक्टर रहेको छ भने ८ सय ८० हेक्टर जग्गामा बेर्ना बगैँचा रहेका छन्। स्याङ्जामा सुन्तला उत्पादन प्रतिबोट ४८ किलो छ भने प्रतिहेक्टर १४ हजार ४ सय ६० किलो अर्थात् १४.४६ मेट्रिकटन रहेको छ।

जिल्लामा उत्पादित सुन्तला आन्तरिक बजारमा १० प्रतिशत अर्थात् १ हजार ९ सय ८७.२ मेट्रिकटन खपत हुने गरेको छ। उत्पादित ९० प्रतिशत सुन्तला अर्थात् १७ हजार १७८.४८ मेट्रिकटन सुन्तला छिमेकी बजार पोखरा, बुटवल र चितवनमा बिक्री हुदै आएको छ। ११ स्थानीय तह रहेको जिल्लामा सबैभन्दा बढी पुतलीबजार नगरपालिकामा सुन्तला उत्पादन हुँदै आएको छ। पुतलीबजारमा ८ सय ५० हेक्टर, भीरकोटमा ३ सय ५०, वालिङमा २ सय ४०, गल्याङ्मा १ सय ३० हेक्टर र चापाकोट नगरपालिकामा नगन्य क्षेत्रफलमा सुन्तला उत्पादन हुँदै आएको छ। उता गाउँपालिका तर्फ अर्जुनचौपारीमा २७०, आँधीखोलामा १२५, फेदिखोलामा ३५, बिरुवामा १५५, हरिनासमा ४५ हेक्टर र कालिगण्डकी गाउँपालिकाका अति कम क्षेत्रफलमा सुन्तला उत्पादन हुँदै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण सुन्तला सुपरजोन कार्यालय स्याङ्जाले जनाएको छ।

# १८ औं जेपी क्रस विद्यालयस्तरीय बास्केटबलमा फिस्टेललाई दोहोरो उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

१८ औं जेपी क्रस विद्यालयस्तरिय छात्र/छात्रा बास्केटबलको उपाधि फिस्टेल एकेडेमीले जितेको छ। कास्की जिल्ला बास्केटबल संघको आयोजनामा पोखरा रंगशालामा सोमबार सम्पन्न फाइनल खेलमा फिस्टेलको छात्र/छात्रा टिमले विजयी हुँदै उपाधि जितेको हो। सम्पन्न फाइनलमा छात्रतर्फ फिस्टेलले गण्डकी बोर्डिङलाई ५१-३१ ले तथा छात्रातर्फ बालकल्याणलाई २०-१७ को स्कोरले पराजित गरी उपाधि जितेको छ।




उपाधि संगै फिस्टेल एकेडेमीले छात्र/छात्रा दुवैतर्फ नगद रु २०/२० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता छात्रतर्फ गण्डकी बोर्डिङ र छात्रातर्फको उपविजेता बाल कल्याणले समान नगद रु १५/१५ हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र हात पारे। प्रतियोगितामा छात्रतर्फ मष्ट भेलुयबल प्लेयरमा फिसटेलका अस्विन चालिसे र छात्रातर्फ फिस्टेलकी आइको लक्ष्मी घोषित हुँदै ट्रफी, प्रमाणपत्रका साथमा समान नगद रु १०/१० प्राप्त गर्न सफल रहे। त्यस्तै प्रतियोगितामा छात्रतर्फ गण्डकी बोर्डिङका मनिष भट्टराई र छात्रातर्फ बाल कल्याणकी रोहिनी गुरुङ हाइएष्ट स्कोरर् घोषित भए। उनीहरु दुवैले नगदका साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

यस अघि आजनै भएको सेमीफाइनलमा छात्रतर्फ गण्डकी बोर्डिङ स्कुलले स्पाइरल ग्यालेक्सीलाई ५१-४८ ले फिस्टेलले अल्फालाई ४३-२० ले तथा छात्रातर्फ बालकल्याणले प्रगतीलाई २७-१० ले र फिसटेलले न्यू ग्यालेक्सीलाई २४-४ ले पराजित गर्दै फाइनलमा स्थान बनाएका थिए।

विजेता विद्यालय तथा टिमलाई गण्डकी प्रदेशका सांसद प्रकाश बराल, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, नेपाल बास्केटबल संघका उपाध्यक्ष जुम प्रसाद गुरुङ, कास्की बास्केटबलका सल्लाहकार सुनिल गुरुङ, सञ्जय अधिकारीलगायतले नगद, ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए। सो अवसरमा बोल्दै सांसद बरालले स्थापनाको कठिन परिस्थितीमा समेत अविचलित रही कास्की बास्केटबल संघले बास्केटबल खेल विकास तथा खेलाडी उत्पादनका लागि गरेको कार्य प्रशंसनिय रहेको बताए।

विश्वभर फैलिएको कोभिड १९ को सक्रमणको तिन वर्ष पछि उक्त प्रतियोगिताले यो वर्षबाट पुनः निरन्तरता पाएको हो। प्रतियोगितामा विभिन्न विद्यालयका छात्रतर्फ १९ र छात्रातर्फ ९ गरि कूल २८ टिमले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगिता वरिष्ठ समाजसेवी एवं वृटिश सेनाका पूर्व कर्णेल जेपी क्रसको मुख्य प्रायोजनमा सञ्चालन हुँदै आएको छ। कास्की बास्केटबल संघका अध्यक्ष कृष्ण गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा कोषाध्यक्ष विग्नेश थापाले समेत आफ्ना भनाई राखेका थिए। प्रतियोगिता सफल बनाउन सहयोग गर्ने विभिन्न संघ-संस्था तथा व्यक्तिहरुलाई सम्मानपत्र प्रदान गरिएको थियो।

# नेशनल प्याब्सन कास्कीले प्रथम बृहत बालप्रतिभा पहिचान कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल नेसनल प्याब्सन कास्कीले पौष ६ देखि ८ गतेसम्म पोखराको नयाँबजारमा अवस्थित प्रदर्शनी केन्द्रमा बृहत बाल प्रतिभा पहिचान कार्यक्रम गर्ने भएको छ।

कास्कीका ४७ वटा निजी तथा आवासीय विद्यालयका सञ्चालकहरुको साझा संस्था एन प्याब्सन कास्कीले यसवर्ष नेसनल प्याब्सन कास्कीको शान, विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन पहिचान भन्ने नाराका साथ विद्यार्थीहरूको शारीरिक, संवेगात्मक, मानसिक, सामाजिक, सिर्जनात्मक, एवम् सर्वाङ्गीण विकासका लागि प्रभावकारी भूमिका खेल्ने उद्देश्यले बृहत बाल प्रतिभा पहिचान कार्यक्रम गर्ने भएको हो ।यसै सन्दर्भमा सोमवार पत्रकार महासंघ कास्कीको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा प्रेस विज्ञप्ति वाचन गर्दै नेसनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले विद्यार्थीहरूका लागि समयानुकूल एवम् वैज्ञानिक शिक्षण सिकाइ क्रियाकलापहरू प्रस्तुत गर्ने हेतुले नेशनल प्याब्सन कास्कीले जिल्लास्थित सम्पूर्ण सदस्य विद्यालयहरूको संयुक्त आयोजनामा बर्षेनि विविध शैक्षिक, बौद्धिक, मनोवैज्ञानिक एवम् खेलकूद सम्बन्धी क्रियाकलापहरू सम्पन्न गर्दै आइरहेको वताए।

उनले बृहत बाल प्रतिभा पहिचान महोत्सववाट विद्यर्थीभित्र रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटन एवम विकास गर्ने, विशेषगरी विद्यार्थीलाई सामग्री केन्द्रित शिक्षणपद्धति अपनाएर गुणस्तरीय शिक्षा प्रदान गर्ने र यही क्रमलाई निरन्तरता दिदै राष्ट्रले खोजेको जनशक्ति उत्पादन गरी बढ्दो बेरोजगारीको समस्या हल गर्नमा समेत थप टेवा पुन्याउने विश्वास लिएको वताए। उक्त अवसरमा लोक संस्कृतिको संरक्षण एवम् संवर्द्धनको लागि लोकनृत्य प्रतियोगिता र एकल गायन प्रतियोगित साथै बिज्ञान, प्रविधिको आवश्यकता र महत्वलाई आत्मसात गर्दै आविष्कार तथा अपसाइक्लिङ र रिसाईक्लिङ प्रतियोगिता पनि गर्ने भएको छ। मौलिक परम्परागत हस्तकलाबाट निर्मित सामग्रीहरुको संरक्षण र सम्बर्द्धन गर्दै व्यवसायिकीकरणमा टेवा पुर्याउने उद्देश्यले हस्तकलाबाट निर्माण गरिएका सामग्रीहरुको प्रतियोगितात्मक प्रदर्शनी समेत रहेको वताइएको छ। हाम्रो समाजमा लोप हुन गइरहेका पारम्पारिक वस्तु जस्तैः पराल, चोया र पात बाट बन्ने सामग्रीको प्रदर्शनीको संगमस्थलको रूपमा समेत उक्त कार्यक्रम रहने अपेक्षा गरिएको उक्त प्रदर्शनीमा नेसनल प्याब्सान कास्की अन्तर्गतका ४७ वटै विद्यालयहरुको सहभागीता रहने तथा करीब एक लाख भन्दा बढी अवलोकनकर्ताहरुले अवलोकन गर्ने आयोजकको अनुमान रहेको छ। कार्यक्रम सम्पन्न गर्नका लागि रु पन्ध्र लाख रुपैया खर्च हुने अनुमान रहेको छ। तीन दिन सम्म चल्ने यो बृहत महोत्सवमा संस्थाका सदस्य विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विचमा स्वस्थ प्रतिष्पर्धात्मक रुपमा प्रतियोगिताहरु सञ्चालन गर्न सामुहिक लोकनृत्य, एकल गायन,चित्रकला,अभिनय,कविता बाचन प्रतियोगिताका लागि क्रमशः शिवराज पौडेल,ज्ञानेन्द्र बहादुरथापा,सञ्जयपौडेलहरिराजअधिकारी,अर्जुन प्रसाद अधिकारीलाई संयोजक तोकिएको अध्यक्ष अधिकारीले जानकारी दिए। यसैगरी आविष्कार तथा अपसाइक्लिङ वा रिसाइक्लिडबाट निर्माण गरिएका सामग्रीहरुको प्रतियोगिताका लागि तोलाकान्त न्यौपाने,हस्तकला प्रतियोगिता अन्तर्गत पातवाट निर्माण गरिएका सामग्री, पराल वा छुवालीबाट निर्माण गरिएका सामग्री र चोयाबाट निर्माण गरिएका सामग्रीहरुको छुट्टाछुट्टै प्रतियोगिता संयोजक रमेशराज पौडेल,कम्प्युटर टाइपिङ प्रतियोगिता संयोजक अर्जुनप्रसाद पाण्डे रहेका छन्। साथै अप्रतियोगी तर प्रदर्शनीका रुपमा बिद्यार्थीहरुबाट निर्माण गरिएका खाद्य सामग्रीहरु पनि कार्यक्रम स्थलमा पाककला प्रदर्शनीको रुपमा रहने भएका छन। कार्यक्रम सम्पन्न गर्नका लागि न्यायिक छानविन तथा मूल्यांङ्कन उपसमिति, टेन्ट, मञ्च व्यवस्थापन तथा सजावट उपसमिति,प्रचार प्रसार तथा सचिवालय उपसमिति, पुरस्कार व्यवस्थापन उपसमिति,स्वास्थ्य उपचार तथा खानेपानी व्यवस्थापन उपसमिति,अतिथि सत्कार उपसमिति र शान्ति सुरक्षा व्यवस्थापन उपसमिति क्रमशः हेमन्त अधिकारी, मानकाजी गुरुङ, प्रेमराज अधिकारी,राजु केसी ,राजु कायस्थ केशव शरण पौडेल र वेद कुमार श्रेष्ठ संयोजक रहने गरी गठन समेत गरिएका जानकारी दिइएको थियो।

# लेखनाथ...

प्रस्तुत गरेका थिए भने विभिन्न कविताहर समेत वाचन गरिएको थियो।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय परोपकार महासंघ नेपालका केन्द्रीय अध्यक्ष भागवत भाष्कर कमलनयन गौतमले अहिलेको परिवेशमा कवि लेखनाथ पौड्यालद्धारा रचित कविताहरुको अति महत्व रहेको वताउँदै कतिपय कुराहरुलाई व्यवहारमा लागु गर्न सके जिवन सार्थक हुने वताएका थिए। कार्यक्रममा प्राज्ञ हरिदेवी कोईराला, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, पोखरा संस्कृत क्याम्पसका प्रमुख प्रा.डा. जगन्नाथ रेग्मी, साहित्यकार तारानाथ पराजुली, ह्रषिकेश बराल, लगायतले कविता वाचन गर्नुका साथै विश्लेषणात्मक विचार प्रस्तुत गरेका थिए भने सहभागीहरुमध्येबाट रमा गौतम,



ईश्वर भण्डारी लगायतले विभिन्न फुटकर कविताहरु वाचन गरेका थिए।

संघका निर्वतमान अध्यक्ष छत्रधर आत्रेयले महोत्सवको अवसरमा कवि लेखनाथको सम्मानमा हरेक वर्ष साहित्य विशेष कार्यक्रमहरु गर्ने गरिएको र यसबाट साहित्यकार एवं साहित्य अनुरागी सबैलाई साहित्य क्षेत्रको श्रीवृद्धिमा लाग्न अझै प्रेरीत गराउन विश्वास व्यक्त गरेका थिए।

उक्त अवसरमा लामो समय वित्तिय क्षेत्रमा क्रियाशिल रहँदै साहित्यको क्षेत्रमा समेत कलम चलाउँदै आएका साहित्यकार जिवनमित्र पण्डीतलाई सम्मान समेत गरिएको थियो।


लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महोत्सव अर्न्तगतको साहित्यिक कार्यक्रमका संयोजक कृष्णप्रसाद ढुंगानाले कार्यक्रमको उद्धेश्यमाथी प्रकाश पारेका थिए भने धन्यवाद ज्ञापन बरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा र सञ्चालन महासचिव जानुका पराजुलीले गरेकी थिईन।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# मेलम्चीमा सरकारको ढिलाइ

काठमाडौँ उपत्यकाका स्थानीय बासिन्दाले मेलम्ची खानेपानी नियमित वितरण गर्नुपर्ने र पानी माथिको चलखेल बन्द गर्नुपर्ने माग राखेर प्रदर्शन गरेका छन् । सोमबार काठमाडौँको कोटेश्वरमा भेला भएर स्थानीयले खाली भाडासहित प्रदर्शन गरेका हुन् । मेलम्चीको पानी काठमाडौँमा नियमित वितरण गर्न माग गर्दै प्रदर्शन गरेको प्रदेश सांसद समेत रहेका सुनिल केसीले जानकारी दिए । प्रदर्शनकारीले 'मेलम्चीको पानी माथिको चलखेल बन्द गर्नुपर्ने, मेलम्चीको पानी तत्काल वितरण गर्नुपर्ने लगायतका प्लेकार्ड बोकेका थिए । कोटेश्वर चोकबाट र्‍यालीसहित प्रदर्शनकारीहरू तीनकुनेतर्फ अघि बढेका थिए । उपत्यका खानेपानी सङ्घर्ष समितिको आह्वानमा प्रदर्शन गरेका हुन। गत वर्ष वितरण सुरु भएको मेलम्चीको पानी पुन मुहान मर्मत गर्नुपर्ने भन्दै हाल रोकिएको छ ।

सिन्धुपाल्चोकस्थित मेलम्ची खोलालाई अम्बाथानमा बाँध बाँधेर २७.५ किलोमिटर लामो सुरुङमार्फत सुन्दरीजलमा ल्याइएको पानी बर्खायाममा बन्द गरेर हिउँदमा मात्र वितरण गरिँदै आएको भए पनि यस पटक कुनै सुरसार छैन । प्राविधिक समस्याभन्दा पनि सरकारको व्यवस्थापकीय कमजोरीका कारण यस वर्ष पानी वितरणमा ढिलाइ भएको छ । ठेकेदार कम्पनी सिनो हाइड्रो र सरकारी निकायबिच समन्वयको अभाव रहँदा बाढीपहिरोका कारण उत्पन्न समस्या समाधानतर्फ कुनै पहल हुन सकेको छैन । सभामुख देवराज घिमिरे र खानेपानी मन्त्री महेन्द्र राय यादवले स्थलगत निरीक्षण गरेर अवस्थाको जानकारी लिएका छन।सरकारले काठमाडौंका जनतालाई पानी खुवाउने हुटहुटी नहुँदासम्म कामले गति लिदैन ।

२०७७ फागुन २२ गते सुन्दरीजलमा खसालिएको पानी चैत २० गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले भृकुटीमण्डपमा धारा खोलेर उद्घाटन गरेकी थिइन ।३० अर्ब रुपियाँभन्दा बढी लगानी भएको आयोजनालाई २०७८ सालमा आएको भीषण बाढीले ठुलो क्षति पुर्‍याएका कारण उत्पन्न अवरोधलाई अझै पनि पूर्ण रूपमा हटाउन नचाहेको उपभोक्तालाई बुझ्न कठिन भएको छ । गत वर्ष चुनावका मुखमै उपत्यकामा औलादौला पानी आएको स्मरण गर्नेलाई अहिले पुस लाग्न लाग्दा पनि मेचम्चीको मुहान उपत्यकातिर नतेर्सिनु अचम्मै भएको छ । जनसाधारणको जीवनसित प्रत्यक्ष जोडिने पानी आपूर्ति नहुँदा सरकारको काम गर्ने शैली कस्तो छ स्पष्ट हुन्छ । उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग रहेको देखिए पनि आपूर्ति भने बर्खामा बढीमा १२ करोड लिटर र हिउँदमा बढीमा आठ करोड लिटर मात्र हुँदै आएपछि उपत्यका काकाकुल भएको छ ।

मेलम्ची आयोजनाबाट दैनिक १७ करोड लिटर पानी थप हुने भएपछि राहत पुग्ने आशा उपत्यकाबासीको थियो, गत वर्ष सडकै भत्काउने गरी उपत्यकामा पानी आएकै हो । बाढीले बिज्याइ गरेपछि पनि पानी कसरी वितरण भयो र अहिले किन व्यवस्थापकीय कमजोरी ? सरकारले जनतालाई बुझाउनुपर्छ । यस पटकको बाढीले ठुलो क्षति नपुर्‍याएको भए पनि सुरुङको मुहानमा ठुलो मात्रामा गेग्रान थुप्रिएर पुगेको अवरोध निर्माण सम्झौता अनुसार सिनो हाइड्रोले नै हटाउनुपर्नेमा करिब पाँच करोड रुपियाँ भुक्तानी दिन बाँकी रहेको अत्तो थापेर पानी जस्तो संवेदनशील प्राणजलमा कुतर्क गर्न मिल्छ ? विधि, नियम, कानुन त हुनै पर्ने हो । समस्या सिनो हाइड्रोतिर देखाएर मन्त्रालय एवं मेलम्ची खानेपानी विकास समिति ओभानो बस्न सक्दैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घार्मीमा परम्परागत भुमे पुजा

**पोखरापत्र संवाददाता**
पोखरा, २ पुस

पोखरा महानगरपालिका वडा नं. १९ मा वसोवास गर्ने ब्राम्हण समुदायले सामुहिक रुपमा परम्परागत भुमे पुजा सम्पन्न गरेका छन् ।

साविकको लामाचौर गा.वि.स वडा नं. ५, ६, ७, ८, र ९ मा रहेका करिव ५ सय घरधुरिका ब्राम्हण समुदायले घार्मीमा रहेको भुमेपुज्ने सामुदायिक वनमा पुगी त्यहाँ रहेको भुमी देवता स्थलमा विधीपुर्वक पुजा आराधना गरेका थिए ।

परापुर्वकाल देखिनै वर्षको दुई पटक वाली लगाउने र भित्रयाउने समयमा भुमे देवताको विधी पुर्वक पुजा गर्ने प्रचलन रहेको छ । सहभागी भक्तजनले भुमी देवताको पुजा गर्दै बर्खे वाली सप्रिएकोमा खुशी हुँदै आगामी दिनमा पनि कुनै विग्नवाधा नपरोष भन्दै अन्न तथा फलफुल चढाएको पुर्व वडाध्यक्ष एवं पुजा समितिका बलराम पौडेलले बताउनुभयो । उनीहरुले हिउँदे खेती लगाउँदा पनि कुनै वाधा नआओस भन्दै भगवानको प्रार्थना गरेका थिए । विहान चोखो नितो गरी आ आफ्ना थानमा रहेका अँगेर तथा भँगेरको पुजा गरिसकेपछि भक्तालुहरु भुमि पुजाको लागि जगंल क्षेत्रमा रहेको पुजा स्थलमा जाने गर्दछन् । जुठो सुत्केरो परेकालाई भने पुजामा सहभागी नगराईने प्रचलन रहेको छ । पुजामा महिला भने सहभागी हुँदैनन् । भुमे पुजा गर्न स्थानिय रुपमै पुजा समिति गठन गरिएको र त्यसले पुजा जुराउने देखि व्यवस्थापन गर्ने गरेको पौडेलले जानकारी दिनुभयो ।

उक्त दिन खनजोत गर्न नहुने तथा पुजा गरेपछि मात्र खेतीपाती लगाउने परम्परा त्यस क्षेत्रमा अझै पनि रहेको छ । पुजा स्थल व्यवस्थित नहुदा पुजा गर्न जानेलाई समस्या पर्ने गरेको छ । खानेपानी तथा भवनको अभावमा पुजामा सहभागी वृद्ध तथा वालवालिकाले ठुलो समस्या भोग्नु परेको हो । पुजा स्थल व्यवस्थित गर्न पटक पटक प्रयास भएपनि त्यसले सार्थकता पाउन भने सकेको छैन ।वडाले वजेट विनियोजन गरेपनि जग्गा मिलाउने विषयमा समस्या भएपछि भुमे मन्दिर र भवन निर्माण हुन नसकेको बताईएको छ ।

# गलकोट नगर अस्पताललाई विद्युतीय शवगृह सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, २ पुस

बागलुङका गलकोट नगर अस्पताललाई विद्युतीय शवगृह उपलब्ध गराइएको छ ।

गलकोट नगरपालिका-६ नेपानेका झप्परबहादुर बस्नेतले बुबा वीरबहादुर र आमा मनकुमारीको स्मृतिमा विद्युतीय शवगृह सहयोग गर्नुभएको हो । बस्नेत परिवारले रु आठ लाख बढीको विद्युतीय शवगृह नगर अस्पताललाई सहयोग गरेको हो ।

गलकोट नगर अस्पतालका प्रमुख डा राजेश पौडेलले यसअघि विद्युतीय शवगृह नहुँदा अस्पतालको कामकाजमा बाधा पुग्ने गरेको बताउनुभयो । "विद्युतीय शवगृह नहुँदा सडेको शव परीक्षण गर्नुपरिरहेको थियो", उहाँले भन्नुभयो । पश्चिम बागलुङमै विद्युतीय शवगृह थिएन । यस्तो अवस्थामा शव धेरै दिनसम्म राख्न राख्न मुश्किल हुने गरेको थियो । डा पौडेलका अनुसार अहिले प्राप्त भएको विद्युतीय शवगृहमा दुईवटा शव राख्न सकिन्छ । "यसअघि शवलाई सुरक्षितरुपमा राख्न बाग्लुङ पुग्नुपर्ने अवस्था थियो", उहाँले भन्नुभयो ।

विद्युतीय शवगृह सहयोगकर्ता बस्नेतले अस्पताललाई चाहिने अन्य सामग्री पनि निरन्तर सहयोग गर्दै जाने बताउनुभयो । पश्चिम बागलुङका छपालिकाका स्वास्थ्य संस्थामा एउटा पनि विद्युतीय शवगृह छैन । सदरमुकामस्थित धौलागिरि अस्पतालमा शव राख्नुपर्ने बाध्यता थियो । यो खर्चिलो थियो ।

# २५ जोडी वरवधूको नि:शुल्क शुभविवाह

**रासस**
धनुषा, २ पुस

विश्व हिन्दू परिषद्ले सोमबार जनकपुरधाममा २५ जोडी वरवधूको निःशुल्क विवाह गराएको छ ।

परिषद् अध्यक्ष सन्तोष साहको सक्रियतामा जनकपुरधामको जानकी मन्दिरमा शुभ विवाहको कार्यक्रम आयोजना गरिएको हो । भगवान् श्रीराम तथा माता सीताको शुभ विवाह भएको अवसर पारेर जनकपुरधाममा सामूहिक निःशुल्क विवाहको आयोजना गर्नुभएको परिषद्का केन्द्रीय सदस्य डा मनोहर साहले बताउनुभयो । सामूहिक शुभ विवाहका लागि लगन आवश्यक नभएको कारणले शुभ विवाहको आयोजना गर्नुभएको पनि परिषद्का केन्द्रीय सदस्य साह बताउनुहुन्छ । विवाहमा बेहुला तथा बेहुलीका लागि आवश्यक पर्ने कपडा, एक थान पोतेसहितका आवश्यक पर्ने सबै सामग्री परिषद्ले निःशुल्क रुपमा उपलब्ध गराएको थियो । विवाहलाई कम खर्चिलो तथा ऐतिहासिक बनाउन निःशुल्क विवाहका लागि गरिब तथा विपन्न वर्गका बेहुलाबेहुलीको छनौट गरिएको केन्द्रीय सदस्य साहले बताउनुभयो । विवाहमा आउने जन्ती तथा परिवारलाई भोजन तथा आवासको व्यवस्थापन कलवार धर्मशालामा परिषद्ले नै गरेको छ । विगत पाँच वर्षदेखि विश्व हिन्दू परिषद्ले सामूहिक विवाहको आयोजना गर्दै आएको छ । यसले विवाहमा हुने भड्किलो खर्चमा कमी आउनाका साथै अर्थका कारणले विवाह हुन नसकेकालाई राहत मिल्ने गरेको विवाहमा आएका बेहुली पक्षका आफन्तहरुले बताएका छन् ।

विश्व हिन्दू परिषद् नेपालले विगत चार वर्षदेखि जनकपुरधाममा विवाह पञ्चमीको भोलिपल्ट सामूहिक विवाह कार्यक्रम गर्दै आएको छ । विवाहका नाममा लिने दाइजो (दहेज) प्रथालाई चुनौती दिँदै ती जोडीहरुलाई आदर्श विवाह गरिएको हो । प्रत्येक जोडीका लागि छुटाछुट्टै मण्डप अर्थात् मडबा बेदी बनाइएको जिल्ला अध्यक्ष सन्तोष साहले बताउनुभयो । सामूहिक विवाहका लागि जनकपुरका सहयोगी हातहरुले सहयोग गर्नुभएको छ ।

आयोजकले विवाहपूर्व झाँकी पनि निकालेर नगर परिक्रमा गरेको थियो । जनकपुरधाम रामसीताको विवाहस्थल भएकाले वैवाहिक संस्कार विकास गर्न र देश विदेशबाट यहाँ व्यक्तिहरू विवाहका लागि आउने वातावरण तयार गर्न नै परिषद्ले सनातन परम्पराको सामूहिक विकास हेतु सामूहिक विवाहको कार्यक्रम आयोजना गरेको केन्द्रीय सदस्य डा मनोहर साहले बताउनुभयो ।



आरन पेशाः
स्याङ्जाको पुतलीबजार नगरपालिका-१० राङखोलाका आरन व्यवसायी छवबहादुर विश्वकर्मा हतियार बनाउँदै । पछिल्लो समय नयाँ पुस्ताको रुचि नहुँदा गाउँघरमा आरन पेशा गर्ने पाइन छाडेका छन् । तस्बिर : तोलाकान्त बगाले/ रासस

# घण्टाचुली पूर्वाधार निर्माणको पर्खाइमा

**पोखरापत्र संवाददाता**
दमौली, २ पुस

तनहुँको धार्मिकस्थल देवघाटधामको शिरमा घण्टाचुली अवस्थित छ । समुन्द्र सतहदेखि एक हजार छ सय ३० मिटर उचाइमा देवघाट गाउँपालिका-२ मा पर्ने घण्टाचुली वडा नं १, २ र ३ को सिमाना पनि हो ।

धार्मिक, ऐतिहासिक, प्राकृतिक एवं पुरातात्विक महत्व बोकेको यस ठाउँमा राजदरबार, राजगद्दी, चौकीका भग्नावशेष रहेका छन् । यहाँ रहेको घण्टाचुली कालिका मन्दिरमा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ ।

दुई सय हेक्टरभन्दा बढी क्षेत्रफलमा फैलिएको घनाजङ्गलमा अवस्थित यस ठाउँमा लालीगुराँस ढकमक्क फूलेको देख्न सकिन्छ । यस ठाउँबाट नेपालका १६ जिल्ला देख्न सकिन्छ । पर्यटकीयस्थल बन्ने प्रशस्त सम्भावना भएर यो प्रचारप्रसार र पूर्वाधारको आभावमा ओझेलमा परेको छ । स्थानीय तहको निर्वाचनपश्चात् जनप्रतिनिधि आएपछि यस ठाउँमा पूर्वाधार निर्माणको काम अगाडि बढाइए पनि ठेकेदारको लापरबाहीले उक्त काम अलपत्र बनेको छ । देवघाट गाउँपालिका यस ठाउँको विकासका लागि अगाडि बढेको गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । "पौराणिक इतिहासअनुसार बाइसे र चौबिसे राजाको पालामा प्याउलीगढीमा दरबार र सिञ्चाङगढीमा गढी थियो", उहाँले भन्नुभयो, "त्यो बेलाको सेना प्रहरीले चलाउने हातहतियार वर्षको एकपटक दसैँको अष्टमीमा पूजा गर्नका लागि घण्टाचुलीमा ल्याइने गरेको किंवदन्ती छ ।" व्यवस्था परिवर्तनसँगै प्याउलीगढी, सिञ्चाङगढी र घण्टाचुली मन्दिर संरक्षणको अभावमा विस्थापित हुँदै गएको थापाको भनाइ थियो । इतिहासलाई संरक्षण गर्नुपर्छ भन्ने उद्देश्यसहित विकास र निर्माणका काममा स्थानीय तह लागेको बताउँदै घण्टाचुलीलाई पर्यटकीयस्थल बनाउने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष थापाका अनुसार घण्टाचुलीलाई पर्यटकीयस्थल बनाउन पूर्वाधार निर्माणको काम थालिएको थियो । त्यसका लागि विस्तृत परियोजना प्रतिवेदन बनाएर काम अगाडि बढे पनि निर्माण व्यवसायीको लापरवाहीले काम अलपत्र भएको उहाँले जानकारी दिनुभयो । सङ्घ सरकार र गाउँपालिकाको साझेदारीमा रू पाँच करोडको बोलपत्र आह्वान गरेर काम सुरु गरिएकामा ठेकेदारले काम अलपत्र बनाएर बजेट फ्रिज गराइदिएको थापाले बताउनुभयो । "यहाँ भ्यूटावर बनाउने योजना थियो । अन्य पूर्वाधारको काम अगाडि बढेको अवस्थामा ठेकेदार खराब पर्दा सङ्घ सरकारको समपूरक बजेट दुई वर्ष फ्रिज भयो", उहाँले भन्नुभयो, "ठेकेदारलाई गाउँपालिकाले कारबाहीको प्रक्रिया अगाडि बढाएका छौँ । बैंक ग्यारेण्टी तान्ने प्रक्रिया भएको छ । यसपछि नयाँ प्रक्रियाबाट काम थाल्ने छौँ ।"

उक्त काम रोकिएपछि बजेट अभावमा पूर्वाधार निर्माण गर्न नसकिएको थापाले बताउनुभयो । गाउँपालिकाले यस वर्ष बजेट व्यवस्थापन गर्न नसकेको बताउँदै उहाँले घण्टाचुलीमा पर्यटकीय पूर्वाधार बनाउन करिब रू १० करोड आवश्यक पर्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाको आन्तरिक बजेटबाट यो सम्भव छैन । करिब रू १० करोड लगानी आवश्यक पर्छ । यहाँ पोखरी, प्रतिक्षालय, विश्रामस्थल, मन्दिर निर्माण, भ्यूटावर बनाउने योजना अनुसार काम थालिएको थियो ।"

घनाजङ्गल भएकाले पनि मनोरम दृश्य हेर्न उच्च ठाउँमा भ्यूटावरको आवश्यकता देखेर निर्माणको योजना बनाइएको थापाको धनाइ थियो । गाउँपालिकाको पहलमा सङ्घ सरकारसँग बजेट मागेर काम गरिने बताउँदै घण्टाचुलीसम्म आउने पदमार्ग भने पालिकाले बनाउने उहाँले जानकारी दिनुभयो । घण्टाचुली पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष खड्ग आलेका अनुसार यहाँबाट तराई, हिमाल र पहाडका १६ जिल्लाका भूभाग देख्न सकिन्छ । पूर्वाधार अभावका कारण यस ठाउँमा पर्यटकको आगमन बढाउन नसकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यस ठाउँको प्रचारप्रसारका लागि बेलाबेलामा महोत्सव हुँदै आएका छन् । तर पनि यो पर्याप्त भइरहेको छैन ।"

घण्टाचुलीमा रहेको घण्टाचुली कालिका देवी मन्दिरमा धेरै वर्ष पहिला घण्टी, तरबार, खुँडा रहे पनि अहिले उक्त सामग्री छैनन् । यस मन्दिरमा चैते अष्टमीमा गाउँले सामूहिकरुपमा भेला भई पूजा गर्ने गर्दछन् । यहाँ दर्शन गर्दा चिताएको मनोकाङ्क्षा पूरा हुने धार्मिक आस्था रहँदै आएको स्थानीय बताउँछन् ।

# मर्स्याङ्दी जलविद्युत् केन्द्रद्वारा जग्गा अधिग्रहण

**पोखरापत्र संवाददाता**
तनहुँ, २ पुस

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटस्थित मर्स्याङ्दी जलविद्युत केन्द्रले बाँधको किनारमा रहेको नौ रोपनीभन्दा बढी जग्गा अधिग्रहण गरेको छ ।

उनानसत्तरी मेगावाट विद्युत उत्पादन क्षमता रहेको उक्त आयोजनाको बाँधले त्यस क्षेत्रका बस्ती डुबान र कटानमा परेपछि जग्गा अधिग्रहण गरी मुआब्जा दिन सुरु गरिएको हो ।

केन्द्रले नौ रोपनी दस आना दुई पैसा तीन दाम जग्गा अधिग्रहण गरी मुआब्जा बितरण गर्न थालेको केन्द्रका प्रमुख पशुपति गौतमले जानकारी दिनुभयो । मानवीय क्षति हुने उच्च जोखिम देखिएकाले त्यस ठाउँका सर्वसाधारणले मुआब्जा दिएर सुरक्षित स्थानमा स्थानान्तरण गर्न माग गर्दै आएकामा अहिले उनीहरुको माग पूरा भएको छ ।

उक्त स्थानका तेह्र जनाको जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण गरिएअनुसार रु २१ करोड ७८ लाख ८५ हजार नौ सय ६७ प्रदान गरिनेछ । जग्गाका लागि रु सत्र करोड ८७ लाख ८६ हजार छ सय ५२ र घरटहराका लागि रु तीन करोड ९० लाख ९९ हजार तीन सय १५ वितरण गरिने केन्द्रले जनाएको छ ।

गत साउन २६ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको बैठकको निर्णयअनुसार यसअघि ८० प्रतिशत भन्दाबढी मुआब्जा वितरण गरिसकिएको जनाइएको छ । प्रतिरोपनी रु एक करोड ८४ लाख ९२ हजार ६८० का दरले जग्गाको मुआब्जा निर्धारण गरिएको जिल्लाा प्रशासन कार्यालयले जनाएको छ ।

# एसओएसमा वार्षिक खेलकुद

पोखरापत्र संवाददाता
पोखरा, २ पुस

पोखरा १७ घारिपाटनमा रहेको एसओएस हर्मन माइनर विद्यालय पोखराले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत खेलकुद सम्पन्न गरेको छ । वार्षिक तालिका अनुसार विद्यालयले अन्तरसदनात्मक र खुल्ला प्रतियोगिताका दुई दर्जन बढी प्रतिस्पर्धा गराएको विद्यालयका खेल शिक्षक थुप्तेन छिरीङले जानकारी दिए ।

कार्यक्रमको औपचारिक समारोहमा बोल्दै तिब्बतीयन कल्याणकारी कार्यालय नेपालका मुख्य प्रतिनिधि छग्री लोपन दुल्कु नवाङ छोडुपले खेलले विद्यार्थीको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुग्नेमा जोड दिए । उनले खेलको माध्यमबाट विश्व प्रसिद्ध बन्न सकिने धारणा राखे । सो अवसरमा बोल्दै विद्यालयका प्राचार्य फुर्बु ठिन्लेले विद्यालयले विद्यार्थीलाई शैक्षिक र खेलकुदको माध्यमबाट व्यक्तित्व विकाससँगै चरित्र निर्माणमा जोड दिँदै आएको बताए । उनले खेलाडी र अनुशासन एउटै सिक्काका दुई पाटा भएको भन्दै अनुशासित विद्यार्थी नै सफलताको शिखरमा पुग्नेमा जोड दिए । कार्यक्रममा विद्यालयका हेड मास्टर तेन्जिन दोर्जेले विद्यार्थी र खेल परिपूरक भएको धारणा राखे । कार्यक्रममा विभिन्न खेल प्रतियोगितामा विजयी विद्यार्थीलाई मेडल र प्रमाणपत्रले सम्मान गरिएको थियो । प्रतियोगितामा निलो सदन प्रथम , हरियो सदन द्वितीय , तृतीय पहेँलो र चौथो स्थानमा रातो सदनले आआफ्नो अङ्क बाँडे । सो अवसरमा दौड, रिले दौड, छेलो, हाइ जम्प, लङ जम्प, स्याक रेस, स्किपिङ, अब्स्ट्याकल रेसलगायतका खेलमा अन्तरसदनात्मक र खुल्ला प्रतिस्पर्धामा विद्यार्थीले सहभागिता जनाएका थिए । सो अवसरमा प्रत्येक सदनले मार्च पास प्रदर्शन गरेर आफ्नो कलासमेत प्रदर्शन गरेका थिए । सो अवसरमा योगाभ्यासको डेमो प्रदर्शन गरिएको विद्यालयका शिक्षक अमृत घिमिरेले जानकारी दिए ।

# उदीपुर-रिठ्ठेबगर-नौथर सेरा सडक अलपत्र

पोखरापत्र संवाददाता
लमजुङ, २ पुस

पहाडी जिल्ला लमजुङस्थित दोर्दी गाउँपालिका केन्द्र जोड्ने सडक अलपत्र अवस्थामा छ । सरकारले एक पालिकामा एक सडक पुऱ्याउने अभियानअन्तर्गत् अघि बढेको यस सडकमा ठेकेदारले काम नगर्दा पाँच महिनादेखि अलपत्र अवस्थामा रहेको हो । पूर्वाधार विकास कार्यालयका निमित्त प्रमुख विवेक सिग्देलका अनुसार ठेकेदारले आर्थिक पाटोलगायत कारण देखाउँदै काम अलपत्र बनाउँदै आएको छ । गत असारपछि सडक निर्माणको काम ठप्प हुँदै आएको छ । ठेकेदारले रोकिएको कामलाई केहि दिनमा निरन्तरता दिने बताएको उहाँको भनाइ छ । निमित्त प्रमुख सिग्देल भन्नुहुन्छ, "निर्धारित समयमा काम पनि हुनसकेन अहिले सडक निर्माण सम्झौताको म्याद सकिए थप गर्ने प्रक्रियामा छ । सडक अलपत्र रहदा बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुँदा स्थानीयवासीलाई समस्या हुने गरेको छ ।

हिउँदमा घर अगाडि धुलो आएर घर तथा मान्छे पनि नचिनिने हुने गरेको स्थानीयवासीले गुनासो गरेका छन् । स्थानीयवासी ईश्वरराज सेडाईं भन्नुहुन्छ, "सडक बनेको ठाउँ पनि भत्किन थालेको छ, सडकमा विच्छ्याएको ढुङ्गा सवारी साधन गुडाउँदा उछिटिन्छ र दुर्घटना हुने जोखिम हुन्छ ।

जिल्लाको सदरमुकाम बेँसीसहर जान होस् वा पालिका केन्द्र पुग्नलाई सडकका कारण सास्ती हुनेगरे पनि सम्बन्धित निकायाको ध्यान पुग्न सकेको देखिदैँन । गाउँपालिका अध्यक्ष युवराज अधिकारी नागरिकको दैनिक यात्रा सहज बनाउनका लागि जतिसक्दो चाँडो सडकको कामलाई निरन्तरता दिँदै सम्पन्न गर्न आफूले पहल गर्दै आएको बताउनुहन्छ ।

निर्माणकार्य ठप्प हुँदा झन बढी स्थानीयवासीलाई समस्या उत्पन्न भइरहेकाले आफैले सम्बन्धित निकायलाई ताकेता गर्दै आएको उहाँको भनाइ छ । पूर्वाधार विकास कार्यालयका अनुसार ६० प्रतिशत भौतिक प्रगति भएको छ । गण्डकी प्रदेश सरकारको लगानीमा जिल्लाको दोर्दी गाउँपालिकाको केन्द्र जोड्न यस उदीपुर-रिठ्ठेबगर-नौथर सेरा सडक कालोपत्र गर्न थालिएको हो । पूर्वाधार विकास कार्यालयका इन्जिनियर राजेश अधिकारीका अनुसार अझै ४० प्रतिशत भौतिक प्रगति हुन बाँकी छ । यस सडकको साँढे तीन किलोमिटरको स्ट्क्चरको काम सम्पन्न भइसकेको छ ।अन्य भागमा भने स्ट्क्चरलगायत काम बाँकी छ । त्यस्तै, ग्याबेल, ग्याबिन बाल, मेसिन वालको काम गर्न बाँकी रहेको उक्त कार्यालयले जनाएको छ । सडकको बेस बसाउने काम सम्पन्न भएको छ भने पाँच किलोमिटर नाला निर्माण गरिएको छ । सम्झौताअनुसार विसं २०७९ असार २ गतेभित्र कालोपत्रे गरिसक्नुपर्ने भए पनि यससडक कोरोनाका कारण काम सुरु गर्न ढिलाइ भएको देखाएर निर्माण कम्पनीले गत पुस महिनासम्ममा निर्माणका लागि थप म्याद पाएको थियो । तर सो समय भित्र पनि निर्माण नभएपछि पुनः म्याद थप गर्दै विसं २०८० असार २९ गतेसम्म सम्पन्न गर्ने सम्झौता गरेको थियो । पुनः थप म्याद मङ्सिर २८ गतेसम्म रहेकामा सो म्यादसमेत यतिबेला सकिएको छ । सडकको निर्माण कन्स्टेक निर्माण प्राइभेट लिमिटेड काठमाडौँले गर्दै आएको यस सडकका लागि विसं २०७७ असार ३ गते ठेक्का सम्झौता भएको थियो । प्रदेश सरकारको रु २६ करोड २९ लाख छ हजार दुई सय २५को लागतमा सात दशमलव एक सय २१ किलोमिटर सडक कालोपत्र हुन लागेको छ । पूर्वाधार कार्यालयका अनुसार बेँसीसहर नगरपालिका-१ उदिपुरदेखि दोर्दी गाउँपालिका-४ मा रहेको दोर्दी गाउँपालिका जोड्ने यस सडकको अस्फाल्ट कालोपत्र हुनेछ । यस सडकले बेँसीसहर नगरपालिका र दोर्दी गाउँपालिकाका बासिन्दा लाभान्वित हुनेछन् । दोर्दी गाउँपालिका केन्द्र जोड्ने यस सडकको अधिकांश भाग भने बेँसीसहर नगरपालिकाभित्र पर्दछ ।

# सञ्चारमाध्यम बन्द हुँदा पत्रकार पलायन

पोखरापत्र संवाददाता
बागलुङ, २ पुस

दश वर्षभन्दा बढी समय बेनीमा रेडियो, पत्रिका र अनलाइनमा काम गर्नुभएका पदम विश्वकर्मा गत भदौमा अस्ट्रेलिया जानुभयो । बेनीका अर्का पत्रकार धीरनबहादुर खत्री पनि एकदशक लामो पत्रकारितालाई बिट मारेर वैदेशिक रोजगारीका लागि यसै हप्ता उड्ने जाने तयारीमा हुनुहुन्छ । विश्वकर्मा र खत्री पेसा छाडेर वैदेशिक रोजगारीमा जाने म्याग्दीका पत्रकार तथा सञ्चारकर्मीका उदाहरण हुन् ।

पत्रकार महासङ्घ जिल्ला शाखाअन्तरगत तीन वर्षअघि ६२ साधारण सदस्य रहेका थिए । पत्रकार महासङ्घको शुद्धिकरण अभियानपछि जिल्लामा साधारण सदस्य १२ र अन्य गरेर १५ जनाको हाहाहारीमा पत्रकार तथा सञ्चारकर्मी रहेका छन् । महिला पत्रकारको सङ्ख्या न्यून छ । पत्रकारिता छाडेर व्यापार, व्यवसाय, शिक्षण, वैदेशिक रोजगार र गैरसरकारी संस्थामा जागिर गर्न थालेका छन् । पत्रकार महासङ्घका जिल्ला अध्यक्ष प्रकाश पौडेल सञ्चार माध्यम बन्द हुने र पत्रकार पलायन हुने दुःखद अवस्था आएकोमा चिन्ता व्यक्त गर्नुहुन्छ । "सञ्चार माध्यम रहे पत्रकार हुने हो, सञ्चारगृह धमाधम बन्द हुन थालेका छन्", उहाँले भन्नुभयो, "निगरानी र खबरदारी गर्ने भूमिकामा रहेका पत्रकार पलायन हुँदा समाजमा अनियमितता, विकृति, बेथिति, विसङ्गतिले प्रश्रय पाउने जोखिम छ ।" पछिल्लो दुई वर्षयता बेनीबाट सञ्चालन हुँदै आएको रेडियो म्याग्दी, म्याग्दी प्रेस दैनिक, म्याग्दी सञ्चार साप्ताहिकले प्रशारण तथा प्रकाशन बन्द गरेका छन् । सम्वृद्ध र मालिका प्रेस साप्ताहिक नियमित प्रकाशन तथा वितरण हुनसकेका छैनन् । रुप्से सञ्चार सहकारी संस्थाद्वारा प्रकाशन हुँदै आएको रुप्से दैनिक पत्रिका सहकारीले चलाउन नसकेपछि पत्रकार प्रताप बानियाँलाई जिम्मा लगाएको सो सहकारीका कोषाध्यक्षसमेत रहनुभएका पौडेलले बताउनुभयो । केही वर्ष पहिले २० जनाभन्दा बढी जनशक्ति रहेको बेनीको म्याग्दी काली एफएममा हाल चार जना मात्र कार्यरत छन् । तथ्य, तथ्याङ्क, अध्ययन, अनुसन्धान गरेर समाचार तयार पार्ने, समाजलाई सुसूचित गराउने पत्रकार नहुँदा समाजमा वास्तविक सूचना प्रवाह हुन नसक्ने जोखिम रहेको अग्रज पत्रकार घनश्याम खड्काले बताउनुभयो । "काठमाडौं, पोखराबाट सञ्चालन हुने सञ्चार माध्यमले जनशक्ति कटौती गरेका छन्", उहाँले भन्नुभयो, "स्रोतको अभावमा जिल्लास्तरका सञ्चार माध्यम पनि बन्द हुने अवस्थामा पुगेका हुन् ।" युवई जान लाग्नुभएका पत्रकार खत्रीले पत्रकारिता पेसाबाट धेरै ज्ञान, सीप र अनुभव हासिल गरे पनि यहाँको आम्दानीले भविष्यमा परिवार चलाउन चुनौती हुने देखिँदा केही वर्षका लागि विदेशीन लागेको बताउनुभयो । म्याग्दीका सञ्चार माध्यम सञ्चालक आवद्ध म्याग्दी मिडिया सोसाइटीका अध्यक्ष कमल खत्रीले सञ्चार माध्यम र पत्रकार टिकाउने अहिलेको पेसागत मुद्दा रहेको बताउनुभयो । "एकै प्रकृतिका सञ्चार माध्यमको एकीकरण र स्थानीय स्रोत साधनको परिचालन गर्नुपर्ने देखिएको छ", उहाँले भन्नुभयो, "समाजलाई पनि पत्रकारिताको महत्व र आवश्यकता बुझाउनुपर्ने भएको छ ।"

# 'ऊर्जा सङ्कट समाधानका लागि तनहुँ जलविद्युत् आयोजना महत्वपूर्ण'

पोखरापत्र संवाददाता
दमौली, २ पुस

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं तनहुँ-१ का प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले ऊर्जा सङ्कट समाधानका लागि तनहुँ जलविद्युत् आयोजना महत्त्वपूर्ण रहेको बताउनुभएको छ ।

ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन उक्त आयोजनाको आइतबार निरीक्षणपश्चात् उहाँले तनहुँ जलविद्युत् आयोजना कुलेखानीपछि बनेको पहिलो जलाशययुक्त आयोजना भएकाले यसको निर्माण पश्चात विद्यमान ऊर्जा सङ्कट केही हदसम्म समाधान हुने बताउनुभयो ।

कुलेखानी जलविद्युत् आयोजना बनेको ४० वर्षपछि मात्र पहिलो जलाशययुक्त जलविद्युत् आयोजना बनेको भन्दै वाग्लेले यस आयोजना ऊर्जा सुरक्षाको दृष्टिकोणबाट पनि महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । आयोजनानिर्माणकाक्रममास्थानीय जनसरोकारवालालाई विश्वासमा लिएर काम गर्नुपर्ने उहाँको भनाइ थियो । वाग्लेले भन्नुभयो, "वर्षामा धेरै पानी पर्ने हुँदा त्यसबेला धेरै विद्युत् उत्पादन हुने तर हिउँदमा पानी सुक्दै जाने र विद्युत् उत्पादन पनि घट्दै जाने हुँदा सरकारले धेरै भन्दा धेरै जलाशययुक्त आयोजना बनाउनुपर्छ ।" बूढीगण्डकी र नलसिंङगाड विद्युत् आयोजना जलाशययुक्त भएकाले त्यसको पनि चाँडै निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

विद्युत् आयोजना निर्माणका लागि वन क्षेत्र, मुआब्जा र विस्फोटक पदार्थको आयातमा मुख्य समस्या हुने हुँदा यी तीनवटै समस्या समाधानका लागि नीतिगत रुपमा नै सम्बोधन हुनुपर्ने वाग्लेको भनाइ थियो । तीन प्याकेजमा निर्माण भइरहेको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०७८ भदौ १४ मा ठेक्का सम्झौता भएर कार्यान्वयनमा आएको थियो । उक्त आयोजनाको बाँध निर्माणका लागि नदी डाइभर्सन कार्य सम्पन्न भई बाँध निर्माण सुरु भइसकेको आयोजना कार्यालयले जनाएको छ । आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत काम प्याकेज-२ मा परेका छन् । यसका लागि विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो । निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् निर्माण कम्पनीले विसं २०७५ माघ ६ गतेदेखि आयोजना स्थलमा परिचालित भई निर्माण जारी राखेको जनाएको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्बाइन लगायतका उपकरण जडान भइरहेका छन् । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ भने मुख्य सुरुङ खनिरहेको छ । यस प्याकेजको सिभिलतर्फको निर्माण प्रगति ७० प्रतिशत भन्दा बढी छ भने समग्र प्रगति करिब ४७ प्रतिशत छ । प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किटप्रसारण लाइन निर्माणका लागि विसं २०७५ पुस १० गते खरिद सम्झौता भई सोही वर्षको फागुन १० गतेदेखि कार्यान्वयनमा आएको थियो । ३४.७ किमि प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये ६९को जग हालिएको छ भने ३३ टावर खडा गरिएको छ । यस प्याकेजको समग्र निर्माण प्रगति ६९ प्रतिशत रहेको आयोजना कार्यालयले जनाएको छ । आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँमा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ । यसअन्तर्गत स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका ४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । उक्त सबस्टेसनसम्म विद्युत् पुऱ्याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ । जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएका छन् ।

# व्यवसाय चलायमान बनाउन महोत्सव

पोखरापत्र संवाददाता
बागलुङ, २ पुस

बागलुङ उद्योग वाणिज्य सङ्घले चार वर्षपछि बागलुङ महोत्सवको आयोजना गर्दैछ । सङ्घको आयोजनामा यही पुस ११ देखि २१ गतेसम्म 'बागलुङ महोत्सव-२०८०' हुन लागेको हो ।

यसअघि विसं २०७६ मा महोत्सव आयोजना गरिएको थियो । विगतका वर्षमा गरिएका महोत्सवले यहाँको बजार तथा व्यापार फस्टाउँदै आएको थियो । महोत्सवले व्यवसायलाई थप चलायमान बनाउने भएकाले तयारीलाई तीव्रता दिइएको आयोजकले जनाएको छ ।

कोरोना कहरपछि सुस्ताएको व्यापार बढाउन महोत्सव फलदायी हुने सङ्घका अध्यक्ष नरेश कँडेलले बताउनुभयो । महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै उहाँले महोत्सवमा स्थानीय उत्पादनको छुट्टै कक्ष राखिने जानकारी दिनुभयो । जिल्लामा उत्पादित स्थानीय सुन्तला, गुन्द्रुक, भाँगो र सिस्नोबाट बनेका पाउडरको प्रवर्द्धन गरिने अध्यक्ष कँडेलले बताउनुभयो । महोत्सवले पर्यटन प्रवर्द्धन र स्थानीय उत्पादनलाई बजारीकरण गर्नका लागि टेवा पुऱ्याउने उहाँको भनाइ छ । उहाँका अनुसार महोत्सवमा एक सय २० भन्दाबढी कक्ष रहने छन् । मेलमा रू एक करोड ७० लाख आम्दानी गर्ने र रू एक करोड ४५ लाख खर्च हुने अनुमान गरिएको छ । महोत्सवमा सात लाख दर्शक भित्रिने र रू १० करोडको आर्थिक कारोबार हुने अनुमान गरिएको कँडेलले जानकारी दिनुभयो । महोत्सवका अवसरमा खुला रिले दोहोरी तथा लाइभ दोहोरी गीत, खुला महिला तथा पुरुष भलिबल प्रतियोगिता, खुला भजन प्रतियोगिता र युवाउद्यमी सम्मेलन गरिने सङ्घका महासचिव ऋषिराम गौतमले बताउनुभयो । महोत्सवबाट बचत भएको रकमले सङ्घको सामाजिक उत्तदायित्व कार्यक्रमअन्तर्गत सदस्य कल्याणकारी कोषमा रू पाँच लाख जम्मा गरिने, धौलागिरि बहुमुखी क्याम्पसको छात्रावृत्ति कोषमा सहयोग गरिने, बजार क्षेत्रमा सिसी क्यामेरा जडानमा सहयोग गर्ने, कोसेली घर सञ्चालनमा ल्याउने र नेपाल पत्रकार महासङ्घको संस्थागत विकासमा सहयोग पुऱ्याइने जनाइएको छ ।


## गण्डकी प्रदेश सरकार
## सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## प्रदेश संग्रहालय
गण्डकी प्रदेश पोखरा, नेपाल
फोन नं. ०६१-५७०४१३

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०३**

यस कार्यालयको आ.व. २०८०/०८१ मा तपशिल बमोजिमको निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकाले सो सम्वन्धी निर्माण कार्यको प्रथम पटक प्रकाशित भएको मितिले २०८०/१०/०४ दिनको १२ बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online Bidding गर्न सम्बधित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट : संग्रहालय प्रत्येक मंगलबार बन्द र शनिबार खुल्ला रहनेछ ।**

तपशिल

| SN | Contract No. | Descriription Of Work | Bid Security | Cost Of Bidding Document | Estimated Amount(without VAT, PS And Cont) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | PM/KASKI/ W/NCB/ 01/80-81 | PROVINCE MUSEUM ROOF MAINTENANCE | 65000.00/ | 3000.00/ | 2140514.22 | |

**For Bid Security**

| Bank | Branch | Account Name | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Prithivichowk, Pokhara | Pradesh Lekha Niyantrak Karyalay | 3020100202030000 |

**कार्यालय प्रमुख**